अमरगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. : ०७९/०८०
च.नं. :

फोन नं. : ०९६-४१०२२२
e-mail: ito.amargadhimun@gmail.com
website: amargadhimun.gov.np

मितिः २०७९/१२/२८

**विषयः नतिजा प्रकाशन सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा मिति २०७९ चैत्र ५ गते देखि चैत्र १३ गतेसम्म सञ्चालन भएको अमरगढी नगरपालिका स्तरीय आधारभूत शिक्षा उत्तीर्ण परीक्षा (कक्षा-८) को नतिजा आधारभूत शिक्षा उत्तीर्ण परीक्षा समितिको मिति २०७९/१२/२७ को बैठकको निर्णयानुसार प्रकाशित गरिएको छ ।

सम्बन्धित विद्यालयहरूले देहायको प्रक्रियाबाट आ-आफ्नो विद्यालयको ग्रेड लेजर प्राप्त गरी विद्यार्थीहरूलाई नतिजाबारे जानकारी गराउनुहुन सूचित गरिन्छ ।

**विद्यालयले ग्रेड लेजर प्राप्त गर्ने तरिकाः**

- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको वेब पेज iemis.cehrd.gov.np खोलेर School ID र Password राखी Log In गर्ने ।
- अब पेजको बायाँपट्टी रहेको Manage Exam मा क्लिक गरी School Level Marks मा क्लिक गर्ने ।
- Grade 8 सेलेक्ट गरेर View Ledger मा क्लिक गर्ने । यसो गर्दा तपाइको विद्यालयको ग्रेड लेजर देखिनेछ । पेजको माथीपट्टि रहेको Export मा क्लिक गरेर लेजर डाउनलोड गर्न सकिन्छ ।

**पुनर्योग सम्बन्धी व्यवस्थाः**

परीक्षाको नतिजा उपर चित्त नबुझी पुनर्योग गराउन चाहने परीक्षार्थीबाट विद्यालयले प्रति विषय रु. २००।- शुल्क लिई मिति २०८०/०१/०४ गतेभित्र यस कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखामा एकमुष्ट रुपमा सिफारिस पेश गर्नहुन जानकारी गराइन्छ ।

**ग्रेड बृद्धि परीक्षा सम्बन्धी जानकारीः**

सैद्धान्तिकतर्फ बढीमा दुई विषयमा न्यूनतम् D ग्रेड प्राप्त गर्न नसकेका वा बढीमा दुई विषयमा अनुपस्थित रहेका परीक्षार्थीहरूका लागि ग्रेड सुधारको अवसर दिन ग्रेड बृद्धि परीक्षा सञ्चालन गरिनेछ । उक्त परीक्षामा यस वर्ष २०७९ र गत वर्ष २०७८ को परीक्षामा सहभागी भई ग्रेड बृद्धि परीक्षाका लागि योग्य परीक्षार्थीहरूले समेत सहभागिता जनाउन सक्नेछन् ।

ग्रेड बृद्धि परीक्षामा सहभागी हुने परीक्षार्थीहरूबाट सम्बन्धित विद्यालयले प्रति विषय रु.२००।– का दरले शुल्क लिई परीक्षामा सहभागी हुने विद्यार्थीहरूको विवरण र ग्रेडसीटको प्रतिलिपि मिति २०८०।०१।१२ सम्ममा यस कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखामा पठाउनुपर्नेछ । ग्रेड बृद्धि परीक्षाको समय तालिका र परीक्षा केन्द्रबारे सूचना पछि प्रकाशन गरिनेछ ।

*पुनश्चः प्रकाशित नतिजामा कुनै त्रुटी रहेको पाइएमा कार्यालयको अभिलेखानुसार सच्याइनेछ ।*

हेमन्त राज पन्त
[illegible] अधिकृत